**मेरा आदरणीय दाजु भाई तथा दीदी बहीनीहरू !** बुद्धि विवेक भएका हरेक व्यक्ति राम्रो नै सोच्द छ र राम्रो नै रोज्दछ किनकि यो विचार मानिसको वास्तविक स्वभाव हो । इस्लामले त्यसै वास्तविक स्वभावलाई प्रष्ट गर्दै त्यस प्रति विचार,स्वीकारको आदेश दिएको छ । र त्यही विशेषतालाई तपाई समक्ष राख्ने कममा यो एउटा सानो प्रयास हो । इस्लामका निम्न विशेषतालाई पढ्नुहोस् र सफल जीवनको निर्णय लिनु होस् ।

१) ***यसमा कुनै शंका छैन कि इस्लामको शिक्षा र उपदेशहरू सरल तथा स्पष्ट छन् /*** इस्लामको नेता अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छः (निःसन्देह इस्लाम एउटा सरल धर्म हो) र यो पनि भन्नु भएको छ किः(सरलता गर कठोरता नगर) अनि भन्नु भएको छः **(मैले तिमीहरूलाई एउटा उज्वल राजमार्गमा छोडेको छु जसको रात पनि दिन जसतो छ । मेरो अन्त पछि जुन व्यक्ति त्यस राजमार्ग बाट बिमुख जान्छ त्यो पथभ्रष्ट र बरबाद भइहाल्ने छ ।** (हदीस)

२) ***इस्लाम एक आपसको समान्ता तथा क्षमा र शान्तिको धर्म हो /*** सम्पूर्ण मुसलमानहरू धनी गरीब, सानो ठूलो, राजा प्रजा, सबै एउटै लाइनमा उभिएर दिनको पाँच पटक आफ्नो पालनकर्ताको अगाडि नमाज पढ्दछन् । मुहम्मद (स.)ले भनेका छन्: **हे मानिसहरू ! तिमी सबैको अल्लाह एक हुन्,र तिमी सबैको पूर्वज (आदम अ.) एक हुन् । कुनै अरब व्यक्तिलाई गैर अरब व्यक्तिमाथि र कुनै गैरअरब व्यक्तिलाई अरब व्यक्तिमाथि श्रेष्ठता छैन, र कुनै रातो (गोरो) लाई कालोमाथि र कालोलाई गोरोमाथि श्रेष्ठता छैन, श्रेष्ठता छ भने मात्र सत्कर्म र धर्मात्माको ।** (हदीस)

३) ***इस्लाममा सृष्टि र सृष्टिकर्ताको बीच प्रार्थनाको लागि कुनै माध्यम बनाउनु पर्दैन /*** जसलेगर्दा मुसलमान सीधा आफ्नो प्रार्थना आफ्नो सृष्टिकर्ता अल्लाहसित गर्दछ । अल्लाहले नबी मुहम्मद स.लाई संबोधित गर्दै भनेका छन् किः **मेरा भक्तहरूले मेरो विषयमा सोध्छन् भने भनिदिनुस् कि म आफ्नो भक्तहरू सँग धेरै नजीक छु । जुनसुकै भक्तले मलाई पुकार्दछ भने म सुन्दछु र स्वीकार गर्दछु ।** (कुरआन २:१८६)

४) ***केवल इस्लामले महिलालाई पिताको सम्पत्तिमा उत्तराधिकारी बनाएको छ /*** अनि उसको आदर गर्दै महिलाको महिमा र उसको मान्यतालाई उच्च बनायो । उसको पदलाई देखासिकी योग्य माता बनायो । एकजना व्यक्तिले मुहम्मद (स.) लाई प्रश्न गरे,**हे अल्लाहको रसूल ! मेरो सद्व्यवहार पाउन सब भन्दा उपयुक्त योग्य व्यक्ति को हो ? नबी (स.) ले उत्तर दिनु भयोः तिम्री आमा, व्यक्तिले पुनः सोधे!त्यसपछि को ? पुनः उत्तर दिनुभयोः तिम्री आमा,उनले फेरी सोधे,अनि फेरी को ? भन्नु भयोः अनि तिम्री आमा,उनले फेरी प्रश्न दोहऱ्याए कि त्यसपछि को ? मुहम्मद (स.)ले भन्नु भयो अनि त्यसपछि तिम्रो बुवा ।** (हदीस) यसै प्रकार श्रीमतिको महिमा र पदलाई उच्च बनायो । मुहम्मद स.ले भन्नु भएको छः **(तिमीहरू मध्य सबैभन्दा राम्रो व्यक्ति त्यो हो जो आफ्नो श्रीमति एवं परिवारको लागि राम्रो होस्, र म तिमीहरूमा आफ्नो परिवारको लागि सबै भन्दा राम्रो छु)** (हदीस)

५) ***इस्लाम एउटा उत्तम नैतिक शिक्षा एवं राम्रो आचरण दिने धर्म हो /*** नबी स.ले भन्नु भएको छः **(तिमीहरू मध्ये सबभन्दा राम्रो त्यो व्यक्ति हो जसको आत्मा भित्र स्वच्छ नैतिकता छ ।)** (हदीस) अल्लाहले नबीलाई संबोधित गर्दै भन्नु भएको छः **निःसन्देह तपाई उच्च आचरणवाला हुनुहुन्छ ।** (कुरआन ६८:४)

६) ***इस्लाम एउटा उत्तम न्यायवान, कृपालु र दयाको धर्म हो /*** अल्लाहले भन्नु भएको छः **मानिसहरूको कुरोमा निर्णय गर्दा न्यायपूर्ण ढंगले फैसला गर ।** (कुरआन ४:५८)

७) ***इस्लामले हरेक किसिमको अन्याय र अत्याचारलाई निषेध (हराम) गरेको छ /*** मुहम्मद स.ले भन्नु भएको छः **अत्याचार प्रलयको दिन अंध्यारोको कारण बन्ने छ ।** र भन्नु भएको छ किः **तिमी आफ्नो भाईको सहयोग गर चाहे ऊ पिडित होस् वा अत्याचारीनै किन नहोस् । अनि एक व्यक्तिले नबी सल्लल्लाहु अलैहि वसल्लमसँग भनें हे अल्लाहको रसूल ! यदि उ पीडित भएत उसलाई सहयोग गर्नें, तर उ अत्याचारी छ**

**भने कसरी उसलाई सहयोग गर्ने ? नबीले भन्नु भयो किः उसलाई अत्याचारबाट रोक, उसको लागि यहीनै सहयोग हो ।** (हदीस)

८) ***इस्लाम सुन्दर्ता र पवित्रताको धर्म हो ।*** मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छः **(अल्लाह सुन्दर छ र सुन्दरताको रुचि राख्दछ)** (हदीस) र भन्नु भएको छः **(अल्लाह पवित्र छ र पवित्रलाई नै स्वीकार गर्दछ)** (हदीस) तसर्थ जुनसुकै पाँच पटक सलात (पूजा) को लागि पवित्रता प्राप्त गरीकन सलात गर्नु अनिवार्य गरिएको छ ।

९) ***इस्लामले छिमेकीहरू सँग राम्रो व्यवहार गर्ने र पाहुनाहरूको आदर गर्ने आदेश दिएको छ ।*** नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छः **(जसले अल्लाह र प्रलय हुने दिनमा विश्वास राख्दछ भने आफ्नो छिमेकीको इज्जत गरोस्, र पाहुनाहरूको आदर गरोस् ।** (हदीस)

१०) ***इस्लामले भक्तजनहरू सँग राम्रो व्यवहार गर्ने शिक्षा दिएको धर्म हो ।*** अनस रजीयल्लाहु भन्नु हुन्छकि : **मैले नबी स.को दस वर्ष जति सेवा गरें, अल्लाहको कसम ! उहाँले मलाई कहिल्यै पनि कुनै चीजमा यो भन्नु भएन कि यो किन गरिस् ? वा यो यस्तो हुनु पर्ने थियो यस्तो किन गऱ्यौ ?** (हदीस)

११) ***इस्लाम समस्त व्यवस्था युक्त एउटा परिपूर्ण धर्म हो जसमा कसैको इच्छानुसार थपघटको अनुमति छैन ।*** अल्लाहले स्वयं यस कुरालाई स्पष्ट पार्दिनु भएको छः **आज मैले तिमीहरूको निम्ति तिम्रो धर्मलाई पूर्ण गरिसकेको छु, र तिम्रा लागि आफ्ना कृपाहरू पूरा गरिसकेको छु, र तिमीहरूको लागि इस्लाम धर्मलाई रोजेको छु ।** (कुरआन ५:३)

१२) ***इस्लाम एउटा कृपालु र नम्रताको धर्म हो ।*** नबी मुहम्मद स.ले भन्नु भएको छः **अल्लाह कृपालु छ र कृपाको रुचि राख्दछ । अनि अललाहले कृपालु भक्तलाई जति दिन्छ त्यति कठोर भक्तलाई दिदैन ।** (हदीस)

१३) ***इस्लामले मात्र एक सत्य ईश्वरको पूजा गर्ने र त्यसै प्रति पूर्ण आत्मा समर्पण गर्ने आदेश दिएको छ ।*** र यहीनै इस्लामको मौलिक कुरो हो । अल्लाहले नबी मुहम्मद स. लाई संबोधित गर्दै भन्नु भएको छः **भनिदिनुस् कि त्यो अल्लाह एक छ । अल्लाह निरपेक्ष छ । न त उसबाट कोही जन्मेको छ,न ऊ कसैबाट जन्मेको छ । र न कोही उसको समकक्ष छ ।** (कुरआन ११२:१-४) र अल्लाहले भन्नु भएको छः **अल्लाहनै तिम्रो पालनकर्ता हो उस बाहेक अरु कोही पूजनीय छैन, उही नै प्रत्येक कुराको सृष्टिकर्ता हो । तसर्थ तिमी उसैको उपासना गर ।** (कुरआन ७:१०२)

यसलेगर्दा इस्लामको प्रथम मन्त्र यसकुराको शपथ लिनु हो (**अश्हदु अल्लाइलाहा इल्लल्लाहु वअश्हदु अन्ना मुहम्मदर्रसूलुल्लाह**) अर्थातः म यस कुराको गवाही दिन्छु कि अल्लाह बाहेक कोही सत्य उपास्य छैन र मुहम्मद (उहाँ माथि शान्ति होस्) अल्लाहका रसूल संदेष्टा हुन् ।

# محاسن الإسلام

# इस्लामका केही विशिष्ट विशेषताहरू


إعداد

أفروز عالم المدني

सम्पादकः अफरोज आलम मदनी



المكتب التعاوني للدعوة والإرشاد وتوعية الجاليات بالأحساء

अहसा इस्लामिक सेन्टर-होफूफ,अल् अहसाः३१९८२

पो०बा० न.२०२२, फोनः ५८६६६७२,

फ्याक्सः ५८७४६६४, साउदी अरब